# रत्ननगर नगरपालिका

## स्थानीय राजपत्र

**खण्ड १ संख्या ३ मिति २०७५ बैशाख १६ गते**

## भाग १

### रत्ननगर नगरपालिका

### आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको कानुन २०७४

प्रस्तावनाः

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम रत्नननगर नगरपालिकाको सञ्चित कोषको संचालन गर्न, बजेट तथा कार्यक्रम तर्जुमा गर्न, निकासा तथा खर्च गर्न, लेखा राख्न, आर्थिक तथा वित्तीय प्रतिवेदन गर्न, आर्थिक कारोवारको आन्तरिक नियन्त्रणको व्यवस्था मिलाउन, आन्तरिक तथा अन्तिम लेखापरीक्षण गर्न, बेरुजु फछ्र्यौट तथा असुल उपर गर्न गराउन, आर्थिक कार्यविधिलाई नियमित, व्यवस्थित र जवाफदेही बनाउन वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२२ बमोजिमको रत्ननगर नगरसभा/संविधानको धारा २२३ बमोजिमको रत्ननगर नगरसभाले यो कानून बनाएको छ ।